# बालिका तथा समावेशी शिक्षा रणनीती, २०८१

नारायण नगरपालिका, दैलेख

कर्णाली प्रदेश, नेपाल

प्रकाशन

बालिका तथा समावेशी शिक्षा रणनीति, २०८१

प्रकाशक

नारायण नगरपालिका, दैलेख

प्रकाशन मिति

२०८१ पौष

सल्लाहकार

नगर प्रमुख श्री लोमन शर्मा

उपप्रमुख श्री तप्ता कुमारी खड्का थापा

प्रमुख प्रशासकीय अधिकृत श्री रेशम बहादुर बुढा

तयारकर्ता

पूर्ण प्रसाद उपाध्याय (वरिष्ठ शिक्षा अधिकृत सातौ)

सूर्यलाल पाण्डे (शिक्षा अधिकृत)

कर्ण बहादुर खत्री (बालविकास संयोजक)

सम्पादन
पदम सापकोटा (वरिष्ठ शाखा अधिकृत आठौ)

समन्वय
ई पेजेज
एन.सि.ई नेपाल

# नगर प्रमुखको मन्तब्य

नारायण नगरपालिकाले स्थापनाकाल देखि नै शिक्षालाई विकासको मेरुदण्ड मानेर यस क्षेत्रको सुधार र प्रगतिका लागि योजनाबद्ध रूपमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । हामी सबैलाई थाहा छ–शिक्षा बिना समाजको समुन्नति सम्भव छैन । अझ विशेषगरी बालिका र पछाडि पारिएका समुदायका बालबालिकाहरूको शिक्षामा विशेष जोड दिनु आजको आवश्यकता हो । बालिका तथा समावेशी शिक्षा सञ्जाल रणनीति २०८१ को मुख्य उद्देश्य भनेको शिक्षा प्रणालीलाई समावेशी, पहुँचयोग्य र गुणस्तरीय बनाउनु हो । कुनै पनि बालबालिका, चाहे उनीहरू जे समुदायका हुन्, चाहे उनीहरूको आर्थिक अवस्था जस्तोसुकै किन नहोस शिक्षाबाट विमुख हुनुहुन्न भन्ने हाम्रो दृढ अठोट हो ।

हाम्रो नगरपालिकामा अझै पनि केही बालबालिका विद्यालय बाहिर रहेका छन । यस रणनीतिले विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालयमा फर्काउने, बालिकाहरूलाई निरन्तर विद्यालयमा टिकाइराख्ने र अशक्त तथा विभेदमा परेका समुदायका बालबालिकाहरूलाई समान अवसर उपलब्ध गराउने कुरामा जोड दिएको छ । यस अभियानलाई सफल बनाउन हामी नगरपालिकाको तर्फबाट आवश्यक नीतिगत तथा कार्यक्रमगत सहयोग प्रदान गर्न पूर्ण रूपमा प्रतिबद्ध छौं । नारायण नगरपालिकामा शिक्षा क्षेत्रले धेरै प्रगति गरे तापनि अझै केही चुनौतीहरू छन् । हाम्रो समाजमा आर्थिक अवस्था कमजोर भएका परिवारहरूमा बालबालिका, विशेष गरी बालिकाहरूलाई विद्यालय पठाउन अझै कठिनाइ हुने गरेको छ । घरेलु कामकाज, दाइजो प्रथा, बालविवाह जस्ता सामाजिक कुप्रथाले पनि बालिकाहरूको शिक्षामा अवरोध पुर्याउने गरेका छन् । त्यस्तै गरी अपांगता भएका, दूरदराजका वस्तीमा बसोबास गर्ने वा सीमान्तकृत समुदायका बालबालिकाहरूले गुणस्तरीय शिक्षामा समान पहुँच पाएका छैनन् । विद्यालयमा पुगेर पनि तिनीहरूको सिकाइ स्तर अपेक्षा अनुसार हुन सकेको छैन भन्ने तथ्यले हामीलाई अझ गम्भीर भएर काम गर्न प्रेरित गरेको छ ।

नगरपालिकाले विगत केही वर्षदेखि बालिका तथा समावेशी शिक्षाका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । विद्यालयमा छात्रवृत्ति वितरण, पोशाक तथा पाठ्यपुस्तक उपलब्ध गराउने, विद्यालय पुर्ननिर्माण तथा स्तरोन्नति, शिक्षक तालिम लगायतका कार्यक्रमहरू सञ्चालन भएका छन् । शिक्षामा समावेशिता ल्याउने अभियान केवल नगरपालिकाको प्रयासले मात्र सम्भव हुँदैन । यसका लागि शिक्षक, अभिभावक, विद्यार्थी, नागरिक समाज, मिडिया र सम्पूर्ण समुदायको सक्रिय सहभागिता अपरिहार्य छ । हामीले सबै विद्यालयलाई अभिभावक मैत्री बनाउनु पर्छ । बालबालिकाहरूका साना-ठूला समस्याहरूलाई विद्यालयमा सहजै सम्बोधन गर्ने वातावरण हुनुपर्छ । बालमैत्री शौचालय, पिउने पानी, पोषणयुक्त खाजाको व्यवस्था, नियमित स्वास्थ्य परीक्षण जस्ता आधारभूत सेवाहरू सुनिश्चित हुनुपर्छ । यसका लागि अभिभावकहरूले आफ्ना बालबालिकालाई विद्यालय पठाउन, नियमित रूपमा विद्यालयसँग समन्वय गर्न र सिकाइको अनुगमन गर्न सक्नुपर्छ । शिक्षकहरूले पनि प्रत्येक बालबालिकालाई समावेशी दृष्टिकोणले पढाउने र पछि नपर्ने वातावरण सिर्जना गर्नुपर्छ ।

नगर प्रमुख
लोमन शर्मा

## नगर उप-प्रमुखको मन्तब्य

सबै समुदायमा बालबालिका, आमाबाबु, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बिरामी, अशक्तहरु रहेका हुन्छन् । त्यस्ता व्यक्तिहरुको रेखदेख र संरक्षण गर्नु नारायण नगरपालिकाको कर्तव्य हो । तर त्यस्ता व्यक्तिहरुको आवश्यकता र समस्याहरु पनि फरक फरक हुन्छन् । रेखदेख र संरक्षण गर्ने नीति, नियम र विधि पनि फरक फरक हुन्छन । त्यसैले नारायण नगरपालिकाले त्यस्ता व्यक्तिहरुको संरक्षण र विकासका लागि फरक फरक नीति, नियम र कार्यमहरु ल्याउने गरेको छ । यो रणनीति चाहिँ समुदायमा रहेका बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालिकाको संरक्षण र विकासका लागि ल्याइएको रणनीतिक योजना हो ।

त्यसैले हरेक घरपरिवार र समुदायको विकासमा यस प्रकारका बालिकाहरुको योगदानले महत्त्वपूर्ण भूमिका निर्वाह हुने हुँदा उनीहरुको शैक्षिक विकासका लागि नारायण नगरपालिकाले शैक्षिक सामग्रीहरुको वितरण, छात्रवृत्तिको व्यवस्था, सहायक सामग्रीको वितरण, आर्थिक सहायता जस्ता विभिन्न प्रकारका कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । नारायण नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रमहरुमा बालिकाको शिक्षाका लागि हरेक वर्ष विभिन्न प्रकारका नीतिहरु ल्याउने गरेको छ । नारायण नगरपालिकामा सहकार्य गर्न आउने साझेदार संस्था र सहयोगी हातहरुलाई स्वागत गर्ने गरिएको छ । अपाङ्गता भएका बालिका र सीमान्तकृत समुदायका बालिकाहरुको शैक्षिक विकासका लागि हाम्रो नारायण नगरपालिकाले अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालिकाहरुको समावेशी शिक्षा रणनीति पनि एउटा नयाँ योजना हो । यस रणनीतिक योजनाले बालिकाहरुको विकास र बाल अधिकारको संरक्षण र विकासमा दूरगामी महत्वको मार्गदर्शन प्रदान गर्ने विश्वास गर्दछ ।

नारायण नगरपालिकाले निर्माण गरेको यस रणनीतिक योजनाले राखेको सोच र उद्देश्यहरुलाई कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट तथा कार्यक्रम ल्याउने प्रततिबद्धता व्यक्त गर्दछु । साथै यसको निर्माण कार्यमा जुट्नुहुने सबै साझेदार सङ्घ संस्था तथा सरोकारवाला निकाय लाई धन्यवाद दिन चाहन्छु ।

नगर उप प्रमुख
तप्ता कुमारी खड्का थापा
नारायण नगरपालिका, दैलेख ।

- **GIEN** : Girls and Inclusive Education Network
- **UNCRC** : United Nations Convention on the Rights of the Child
- **SDG** : Sustainable Development Goals
- **CRM** : Complaint Response Mechanism
- **TOR** : Terms of Reference
- **IEC** : Information, Education and Communication
- **IEI** : Inclusive Education Index
- **BCC** : Behavioural Change Communication
- **STEM** : Science, Technology, Engineering and Mathematics
- **GFP** : Gender Focal Person
- **LNOB** : Leave No One Behind
- **SSDP** : School Sector Development Plan
- **CAL** : Computer Assistive Learning
- **GRIP** : Gender Responsive and Inclusive Pedagogy
- **GIP** : Gender and Inclusive Pedagogy
- **AFIC** : Adolescent Friendly Information Centre
- **UN** : United Nations
- **UDHR** : Universal Declaration of Human Rights

**परिच्छेद १ परिचय :**

## १.१. भौगोलिक पृष्ठभूमि

### १.स्थानीय तहको परिचय

दैलेख जिल्ला कर्णाली प्रदेशको राजधानी सुर्खेत  नजिकै अवस्थित सुन्दर पहाडी जिल्ला हो । नेपाल सरकारको घना वस्ती भएको क्षेत्रलाई जनसख्यको आधारमा स्थानिय तहहरुको रुप दिईएको छ । दैलेख जिल्लामा  हाल संघिय संरचना अनुसार ११ वटा स्थानिय मध्य ४ नगरपालिका र ७ गांउपालिका रहे अनुसार नारायण नगरपालिका जिल्लाको प्रशासनिक केन्द्र र सदरमुकाम रहेको छ  । कर्णाली प्रदेशको राजधानी विरेन्द्रनगर सुर्खेत भन्दा ६७ किमि उत्तरतर्फ रहेको यस . १६८०मि अधिकतम  ८३०कम्तीमा न्यूनतम  नगरपालिका समुन्द्र सतहदेखी मि उचाई र न्यूनतम तापक्रम ५ डिग्री र अधिकतम तापक्रम ३४ डिग्री सेल्सियस तथा औषत १८०० मिमि वर्षा रहने  यस नगरपालिका को क्षत्रफल ११०वर्ग  ६३. वटा वडा रहेको  यस  ११किलोमिटरमा अवस्थित छ ।  नारायण नगरपालिकामा २६११जनगणना अनुसार जम्मा जनसंख्या  को २०७८नगरपालिकामा ० मध्य पुरुष १२२०५ महिला  १३९०५ जना रहेको छ ।

पूर्वमा भगवतीमाई गा पा.,पश्चिममा दुल्लु नगरपालिका ,दक्षिणमा डुगेश्वर गापा र. पा ले घेरेको यस नगरपालिकामा वहुसंख्यक मानिसहरु .उत्तरमा महावुर नौमुले गा वटै वडाम ११का छन । यस नगरपालिकाको कृषि क्षेत्रमा नै निरभररहे ा कच्ची सडकको पहुच पुगेको छ भने नगरपालिकाको मुख्य भागमा कालोपत्रे गरिएको छ ।

नारायण नगरपालिकामा स्नातक सम्मको अध्यापन हुने १ वटा क्याम्पस , ९ वटा माध्यामिक विधालय, ३० वटा आधारभुत विधालय र ३८ वटा प्रारम्भिक वाल विकास केन्द्र रहेका छन ।.

## शैक्षिक पृष्ठभुमी :

नारायण नगरपालिकामा हाल ३९ सामुदायिक र ७ वटा संस्थागत विद्यालय सञ्चालनमा छन्, जसमा बालविकासदेखि कक्षा १२ सम्मका विद्यार्थीहरू अध्ययनरत छन्। तथापि, जनगणना र शिक्षा तथ्याङ्कहरू विश्लेषण गर्दा महिलाहरूको विद्यालय बाहिर रहने दर उच्च देखिन्छ, जसले लैङ्गिक असमानताको गहिरो समस्या संकेत गर्दछ। प्रारम्भिक विवाह, घरेलु कामको बोझ, र सामाजिक मान्यताहरूले बालिकाहरूको शिक्षामा पहुँचमा बाधा पुर्‍याउने प्रमुख कारणहरू हुन्। साथै, पाठ्यपुस्तक र पाठ्यक्रममा महिलाको न्यून प्रतिनिधित्वले पनि शिक्षामा लैङ्गिक पूर्वाग्रहलाई बल दिन्छ।

यसलाई सम्बोधन गर्न स्थानीय तहले शिक्षा नीतिहरूमा लैङ्गिक समावेशीता सुनिश्चित गर्ने, प्रारम्भिक बालविकास कक्षाको पहुँच विस्तार गर्ने, बालिकामैत्री पूर्वाधार विकास गर्ने, र समुदायस्तरमा बालिकाको शिक्षा प्रवर्द्धन गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने आवश्यकता छ। साथै, शिक्षा बजेटमा लैङ्गिक समावेशी दृष्टिकोण अपनाएर लक्षित कार्यक्रमहरू

### १समस्या र चुनौती ३.

नारायण नगरपालिका शिक्षा क्षेत्रमा लैङ्गिक समानता, सामाजिक समावेशिता GESI र लैङ्गिक समानता तथा अपाङ्गता समावेशीता GEDSI लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने खाँचो तीव्र छ। बालिका, अपाङ्गता भएका बालबालिका र सीमान्तकृत समुदायका बालबालिकाहरू अझै पनि शिक्षाबाट वञ्चित हुने अवस्था रहेको छ, जसको मूल जड सामाजिक रूढीवादी सोच, समुचित नीतिगत र कानूनी आधारको अभाव, र विद्यालय तथा प्रशासनिक संयन्त्रमा GEDSI समावेशी दृष्टिकोणको कमी हो। विशेषतः अपाङ्गता भएका बालबालिकाको पहुँच योग्य भौतिक पूर्वाधार, सहायक प्रविधि, र शिक्षक क्षमता अभिवृद्धि अझै अपूरो छ, जसले समावेशी सिकाइ वातावरण सिर्जना गर्न कठिन बनाएको छ।

GESI तथा GEDSI आधारित शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि विद्यालयहरूमा बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकाको आवश्यकताअनुसार पाठ्यक्रम र मूल्याङ्कन प्रणाली अनुकूलन गर्नु आवश्यक छ। यस्ता समूहका बालबालिकालाई लक्षित गरिएका नीति कार्यक्रमहरू केवल घोषणा मात्रमा सीमित नभई व्यवहारमा कार्यान्वयन गर्न शिक्षकहरूलाई नियमित तालिम, पुनर्ताजगी प्रशिक्षण, र समावेशी शिक्षा उपकरणहरूको पहुँच आवश्यक हुन्छ। त्यस्तै, स्थानीय सरकार, समुदाय र विद्यालयबीच समन्वयमा आधारित उत्तरदायी संरचना विकास गरी शिक्षा क्षेत्रमा GEDSI केन्द्रीत परिवर्तनलाई संस्थागत सुधारको खाँचो छ।

**१आवश्यकता ४.**

समावेशी शिक्षाको अवधारणा कार्यान्वयन गर्न यस्तो रणनीतिको खाँचो छ, जसले सबै बालबालिकालाईविशेष गरी बालिका-, अपाङ्गता भएका र सीमान्तकृत समुदायलाईगुणस्तरीय र समतामूलक शिक्षा-सुनिश्चित गरोस् । सामाजिक सम्मान विविधताको, समान अवसरको पहुँच, र सामुदायिक सहभागिताको विकासका लागि शिक्षा रणनीति अपरिहार्य छ। यसले समुदायमा शान्ति, एकता र समावेशीतालाई प्रोत्साहन गर्दछ।

**१दृष्टिकोण ५., सिद्धान्त र मान्यता**

समावेशी शिक्षा रणनीतिले परम्परागत सोचजसले समस्यामात्र देख्छ-, सम्भावना हेर्दैनलाई चुनौती दिन्छ-। यसले बालबालिकाको विविध आवश्यकतालाई स्वीकार गर्छ र विद्यालय, समुदाय तथा सरकारलाई उत्तरदायी बनाउँछ। सबै बालबालिकाले सिक्न सक्छन् भन्ने विश्वासमा आधारित यो दृष्टिकोणले शैक्षिक प्रणालीलाई लचिलो, समावेशी र न्यायपूर्ण बनाउँछ। विविध सांस्कृतिक, भाषिक र शारीरिक अवस्थालाई स्वीकार्दै, समान सहभागिता र अवसरमा जोड दिइन्छ।

**१विद्यालय सुधार योजनामा अनुकूलन ६.**

नगरका सबै विद्यालयले बनाउने विधालय सुधार योजनामा बालिका, अपाङ्गता भएका र सीमान्तकृत बालबालिकाको सामाजिक र शैक्षिक अवस्थालाई समेट्नु आवश्यक छ। योजना निर्माणमा समावेशी दृष्टिकोण अपनाउँदै, आवश्यकताका आधारमा लक्ष्य र गतिविधि तय गर्नुपर्छ। विद्यालय, वडा कार्यालय र नगरपालिकाले शैक्षिक बजेटमा समावेशी कार्यक्रम र अपाङ्गता मैत्री संरचनालाई प्राथमिकता दिनुपर्छ। यसले रणनीतिक कार्यान्वयनलाई सुदृढ बनाउँछ।

## परिच्छेद २:

## दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्राथमिकता

### २) दीर्घकालीन सोच १.Vision)

**लैङ्गिक समानता, समावेशिता र समता आधारित शिक्षा** — सबैका लागि समान, सुरक्षित र गुणस्तरीय शिक्षाको सुनिश्चितता।

### २) लक्ष्य २.Goal)

बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाको पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा सुधार गर्दै उनीहरूको लागि समान, सुरक्षित र गुणस्तरीय शिक्षाको प्रवर्द्धन।

### २) उद्देश्य र रणनीति ३.Objectives and Strategies)

*उद्देश्य २१.३.*

सुलभ, सुरक्षित र संरक्षित वातावरणमा बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकाको लागि समावेशी विद्यालय शिक्षाको सुनिश्चितता।

**रणनीतिहरू:**

- स्थानीय तहको शिक्षा योजनामार्फत लक्षित समूहका आवश्यकता सम्बोधन।
- विद्यालयमा समावेशी भौतिक पूर्वाधार विकास।

- शैक्षिक सुपरिवेक्षण तथा मूल्याङ्कन नीतिमा समावेशी दृष्टिकोण।
- पठनपाठन र मूल्याङ्कन प्रणालीलाई बालिका तथा अपाङ्गता मैत्री बनाउने।

*उदेश्य २२.३.*

लैङ्गिक र समावेशी उपागममा आधारित नीतिगत ढाँचा र कार्यविधि निर्माण।

**रणनीतिहरू:**

- नीति निर्माणमा लक्षित समुदायको सहभागिता सुनिश्चित।
- स्थानीय तहमा बालिकामैत्री शिक्षा कार्यविधिको विकास।
- विद्यालय शिक्षाको मूलप्रवाहीकरण।
- पालिका योजना तथा नीतिमा लैङ्गिक समावेशी विषय समावेश।

*उदेश्य २३.३.*

बालिका तथा समावेशी शिक्षासम्बन्धी सञ्जाल तथा संरचना निर्माण र सशक्तीकरण।

**रणनीतिहरू:**

- समिति तथा सञ्जालमा लक्षित समूहको प्रतिनिधित्व सुनिश्चित।
- नीति पैरवी र सशक्तीकरण क्षमता विकास।
- समावेशी शैक्षिक सूचक समेट्ने योजना विकास।

*उद्देश्य २४.३.*

लक्षित समूहको सिकाइ उपलब्धिमा सुधारका लागि सहजीकरण।

**रणनीतिहरू:**

- विद्यालयलाई परीक्षाफल सुधारका कार्यक्रममा सहयोग।
- शिक्षक र विद्यार्थीको उपस्थिति वृद्धि।

- पालिका तहमा सिकाइ मूल्याङ्कन कार्यक्रम सञ्चालन।
- परीक्षा प्रणालीलाई अपाङ्गता मैत्री बनाउने।

*उद्देश्य २५.३.*

समावेशी शिक्षाको प्रवर्द्धनका लागि जनचेतना अभिवृद्धि।

**रणनीतिहरू:**

- सामुदायिक स्तरमा चेतनामूलक कार्यक्रम।
- बाल सञ्जाल, बालक्लब आदिको गठन र क्षमता विकास।
- अभिभावक शिक्षाका कार्यक्रम।
- विविध सूचना सामग्री प्रकाशन र प्रचारप्रसार।-

*उद्देश्य २६.३.*

समन्वय र सहजीकरण मार्फत कार्यक्रमको प्रभावकारी कार्यान्वयन सुनिश्चित।

**रणनीतिहरू:**

- बैठकमार्फत समस्या र समाधानको छलफल।
- संयन्त्रमा स्पष्ट जिम्मेवारी तोक्ने।
- प्रभावकारी सञ्चार प्रणालीको विकास।

*उद्देश्य २७.३.*

नतिजा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना।

**रणनीतिहरू:**

- निरन्तर अनुगमन प्रणाली स्थापना।
- लक्षित समूहसम्बन्धी तथ्याङ्क संकलन र मामिला अध्ययन।

- नीति निर्माणमा तथ्याङ्कको उपयोग।

*उद्देश्य २८.३.*

शैक्षिक कार्यक्रमको कार्यान्वयनमा गुणस्तर सुधार।

**रणनीतिहरू:**

- पठनपाठन सुधारका कार्यक्रम सञ्चालन।
- कक्षा व्यवस्थापनमा समता।
- अवसर लागत न्यूनीकरण।
- बहुभाषिक शिक्षा र बहुपाठ्यपुस्तकको प्रयोग।

## परिच्छेद ३:

## संयन्त्र संरचना र कार्यविवरण

### ३संयन्त्र संरचना र नीति १.

### ३.१ संयन्त्र संरचना नीति र कार्यविवरण

**नीति ३.१.१ स्थानीय तहको पालिका वडा र विद्यालय स्तरीय बालिका तथा समावेशी शिक्षा समिति गठन गर्ने र कार्यविवरण तयार गर्ने ।**

**रणनीति** ३.१.१.१ स्थानीय शिक्षा ऐन र कार्यविधिमा पालिका स्तरीय बालिका समावेशी शिक्षा समिति गठनको व्यवस्था गर्ने ।

**रणनीति** ३.१.१.२ स्थानीय शिक्षा ऐन र कार्यविधिमा पालिका स्तरीय बालिका समावेशी शिक्षा समितिका काम, कर्तव्य रजिम्मेवारी तोक्ने ।

**नीति ३.१.२ स्थानीय तहको वडा स्तरीय बालिका तथा समावेशी शिक्षा समिति गठन गर्ने र कार्यविवरण तयार गर्ने ।**

**रणनीति** ३.१.२.१ स्थानीय शिक्षा ऐन र कार्यविधिमा वडा स्तरीय बालिका समावेशी शिक्षा समिति गठन गर्ने ।

**रणनीति** ३.१.२.२ स्थानीय शिक्षा ऐन र कार्यविधिमा पालिका स्तरीय बालिका समावेशी शिक्षा समितिका काम, कर्तव्य जिम्मेवारी तोक्ने ।

**नीति ३.१.३ स्थानीय तहको विद्यालय स्तरीय बालिका तथा समावेशी शिक्षा समिति गठन गर्ने र कार्यविवरण तयार गर्ने ।**

**रणनीति** ३.१.३.१ स्थानीय शिक्षा ऐन र कार्यविधिमा विद्यालयस्तरीय बालिका समावेशी शिक्षा समिति गठन गर्ने ।

**रणनीति** ३.१.३.२ स्थानीय शिक्षा ऐन र कार्यविधिमा विद्यालय स्तरीय बालिका समावेशी शिक्षा समितिका काम, कर्तव्य जिम्मेवारी तोक्ने ।

## परिच्छेद ४:

## कार्यान्वयन योजना र अनुगमन )Implementation and Monitoring Framework)

- स्थानीय तहले रणनीतिक योजना कार्यान्वयनका लागि जिम्मेवारी निर्धारण गर्ने।
- पालिका, वडा र विद्यालय तहमा योजना कार्यान्वयन टोली गठन गर्ने।
- प्रगति समीक्षा र अनुगमनको लागि नियमित बैठक र प्रतिवेदन प्रणाली विकास गर्ने।
- उपलब्ध तथ्यांक र प्रतिफलका आधारमा योजना परिमार्जन गर्ने।

बालिका र समावेशी शिक्षाका लागि कार्यान्वयन तथा अनुगमन कार्ययोजना

**२.३.१ सुलभ, सुरक्षित र संरक्षित वातावरणमा बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकाको लागि समावेशी विद्यालय शिक्षाको सुनिश्चितता।**

रणनीति: स्थानीय तहको शिक्षा योजनामार्फत लक्षित समूहका आवश्यकता सम्बोधन।

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| शैक्षिक | समुदायमा | पालिका शिक्षा | प्रत्येक शैक्षिक | आयोजित कार्यक्रम |

| | | | | |
|---|---|---|---|---|
| सचेतना कार्यक्रम सञ्चालन | शिक्षा प्रतिको सकारात्मक दृष्टिकोण | शाखा, GIEN, विद्यालय | सत्रको सुरुवात | संख्या, सहभागी संख्या |
| बालबालिका पहिचान | विद्यालय नामांकनमा वृद्धि | विद्यालय, पालिका, समुदाय विद्यालय व्यवस्थापन समिति | जेठ–असार | नयाँ नामांकन संख्या, भर्ना दर |

रणनीति: विद्यालयमा समावेशी भौतिक पूर्वाधार विकास।

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| बालमैत्री शौचालय निर्माण | छात्र-छात्राहरूका लागि सुरक्षित वातावरण | पालिका, विद्यालय, NGO | चालु आ.व. | सुधार गरिएका विद्यालय पूर्वाधार संख्या |
| स्वच्छ पिउने पानी तथा हात धुने सुविधा | स्वस्थ वातावरण सिर्जना | विद्यालय, पालिका | चालु आ.व. | सञ्चालित सेवा संख्या |

रणनीति: पठनपाठन र मूल्याङ्कन प्रणालीलाई बालिका तथा अपाङ्गता मैत्री बनाउने।

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| पाठ्यक्रम समावेशीकरण | शिक्षण सिकाइ सहज | शिक्षा शाखा, पाठ्यक्रम केन्द्र | वर्षभर | समावेशी सामग्री समावेश दर |
| शिक्षकहरूका लागि समावेशी शिक्षण तालिम | शिक्षकको व्यवहारमा सकारात्मक | पालिका, शिक्षा शाखा | माघ–चैत्र | तालिमप्राप्त शिक्षक संख्या |

| | | | | |
|---|---|---|---|---|
| | परिवर्तन | | | |

**२.३.२ लैङ्गिक र समावेशी उपागममा आधारित नीतिगत ढाँचा र कार्यविधि निर्माण।**

रणनीति: नीति निर्माणमा लक्षित समुदायको सहभागिता सुनिश्चित।

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| नीति निर्माण बैठक आयोजना | समुदायको आवाज नीतिमा समेटिने | पालिका, GIEN | त्रैमासिक | बैठक संख्या, सहभागिता दर |

रणनीति: विद्यालय शिक्षाको मूलप्रवाहीकरण।

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| विद्यालय सुधार योजना अद्यावधिक | नीतिगत एकरूपता | विद्यालय, शिक्षा शाखा | प्रत्येक वर्ष | अद्यावधिक विद्यालय योजना संख्या |

**२.३.३ बालिका तथा समावेशी शिक्षासम्बन्धी सञ्जाल तथा संरचना निर्माण र सशक्तीकरण।**

रणनीति: समिति तथा सञ्जालमा लक्षित समूहको प्रतिनिधित्व सुनिश्चित।

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| बाल अधिकार समितिमा प्रतिनिधित्व | अधिकार र अवसरमा पहुँच | पालिका, समिति | वार्षिक | प्रतिनिधित्व दर |

रणनीति: नीति पैरवी र सशक्तीकरण क्षमता विकास।

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| GIEN क्षमता विकास तालिम | नीति पैरवी गर्न सक्ने क्षमतावान समूह | पालिका, GIEN, साझेदार | चैत्र | तालिम संख्याः२ सहभागीताः५० |

**२.३.४ लक्षित समूहको सिकाइ उपलब्धिमा सुधारका लागि सहजीकरण।**

रणनीति: विद्यालयलाई परीक्षाफल सुधारका कार्यक्रममा सहयोग।

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| पुनः सिकाइ कार्यक्रम सञ्चालन | शैक्षिक उपलब्धिमा वृद्धि | विद्यालय, पालिका | फागुन–जेठ | पुनः सिकाइमा सहभागी संख्या |

रणनीति: परीक्षा प्रणालीलाई अपाङ्गता मैत्री बनाउने।

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| पृथक मूल्याङ्कन विधि विकास | समान अवसर सुनिश्चित | शिक्षा शाखा, परीक्षा समिति | वार्षिक | मूल्याङ्कनमा सुधारको संकेत |

**२.३.५ समावेशी शिक्षाको प्रवर्द्धनका लागि जनचेतना अभिवृद्धि।**

रणनीति: सामुदायिक स्तरमा चेतनामूलक कार्यक्रम।

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| रेडियो, पोस्टर, नाटक आदि माध्यमद्वारा सन्देश | जनचेतनाको स्तरमा वृद्धि | पालिका सराकारवाला निकाय | वर्षभर | सञ्चालित कार्यक्रम संख्या |

रणनीति: बाल सञ्जाल, बालक्लब आदिको गठन र क्षमता विकास।

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| नेतृत्व तालिम | बालबालिकाको सशक्त आवाज | विद्यालय, बाल क्लब | चैत्र | सक्रिय बाल क्लब संख्या |

**२.३.६ समन्वय र सहजीकरण मार्फत कार्यक्रमको प्रभावकारी कार्यान्वयन सुनिश्चित।**

रणनीति: बैठकमार्फत समस्या र समाधानको छलफल।

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| समन्वय बैठक आयोजना | समस्या समाधानमा गति | पालिका, सरोकार निकाय | त्रैमासिक | बैठक संख्या १० |

**२.३.७ नतिजा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना।**

रणनीति: निरन्तर अनुगमन प्रणाली स्थापना।

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| नियमित अन्तरालमा विद्यालय अनुगमन | सुधारका लागि साक्ष्य | पालिका, शिक्षा शाखा | मासिक | अनुगमन प्रतिवेदन संख्या ५ |

**२.३.८ शैक्षिक कार्यक्रमको कार्यान्वयनमा गुणस्तर सुधार।**

रणनीति: पठनपाठन सुधारका कार्यक्रम सञ्चालन।

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| शिक्षक दक्षता | गुणस्तरीय | पालिका, | माघ–चैत्र | तालिम संख्याः२ |

| | | | | |
|---|---|---|---|---|
| विकास तालिम | शिक्षण | शिक्षक | | सहभागीताः५० |

रणनीति: बहुभाषिक शिक्षा र बहुपाठ्यपुस्तकको प्रयोग।

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| स्थानीय भाषामा शिक्षण सामाग्री विकास | शिक्षण पहुँच वृद्धि | विद्यालय, पाठ्यक्रम केन्द्र | वर्षभर | सामाग्री संख्या |

## परिच्छेद चार

## वित्तीय स्रोत पहिचान, व्यवस्थापन तथा जोखिम व्यवस्थापन

### ४.१ स्रोत पहिचान

**रणनीति** ४.१.१ सङ्घीय तथा प्रदेश सरकारका निकायहरुबाट प्राप्त हुने अनुदान रकम र जिन्सी सहायता परिचालन गर्ने ।

**रणनीति** ४.१.२ स्थानीय तहको पालिका र वडा कार्यालयहरुबाट प्राप्त हुने प्राप्त हुने अनुदान रकम र जिन्सी सहायता परिचालन गर्ने ।

**रणनीति** ४.१.३ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकासका साझेधार संस्थाहरूबाट प्राप्त हुने अनुदान रकम र जिन्सी सहायता परिचालन गर्ने ।

**रणनीति** ४.१.४ निजी क्षेत्रबाट प्राप्त हुने अनुदान रकम र जिन्सी सहायता परिचालन गर्ने ।

**रणनीति** ४.१.५ अन्य क्षेत्रबाट प्राप्त हुने अनुदान रकम र जिन्सी सहायता परिचालन गर्ने ।

### ४.२ वित्तीय स्रोत व्यवस्थापन

**रणनीति** ४.२.१ पालिकाको वित्तीय समानीकरण र आन्तरिक स्रोतका आधारमा यथार्थ बजेट र कार्यक्रम निर्माण गर्ने ।

**रणनीति** ४.२.२ कार्यान्वयन गर्ने पक्षले समयै रकम माग गर्ने र समयमै कार्यक्रम सम्पन्न गर्ने ।

**रणनीति** ४.२.३ खर्चलाई लक्ष्य, मापदण्ड र बजेटको सीमाभित्र राख्ने ।

**रणनीति** ४.२.४ स्थानीय तहको पालिका तथा वडास्तरीय बजेटका अतिरिक्त अन्य स्रोतहरुबाट वित्तीय र भौतिक सहयोगहरु जुटाउने ।

### ४.३ वित्तीय जोखिम अनुमान र व्यवस्थापन

#### ४.३.१ वित्तीय जोखिम अनुमान

**रणनीति** ४.३.१.१ बजेट रकमान्तर र संशोधन हूँदा कार्यक्रमको बजेट आंशिक वा पूर्ण रुपमा वित्तीय अनिश्चितता उत्पन्न हुनु ।

**रणनीति** ४.३.१.२ पालिकाको कार्यक्रम र बजेटमा प्राथमिकता प्राप्त हुन सक्नु ।

**रणनीति** ४.३.१.३ कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी पाएको समिति वा शाखाबाट समयमा कार्य सम्पन्न नहुँदा कार्यक्रमको बजेट खेर जानसक्नु ।

**रणनीति** ४.३.१.४ कार्यविधि र मापदण्डको पालना नगर्नाले वा कार्यविधि बिना कार्यक्रम सञ्चालन गर्नाले बेरुजू भई कार्यक्रमको विश्वसनीयतामा कमी हुन सक्नु ।

**रणनीति** ४.३.१.५ सङ्घीय वा प्रदेश वा स्थानीय सरकारको ऐन, कानून, नीति, नियममा हुने परिवर्तनले खर्च गर्ने मापदण्डहरु परिवर्तन हुन सक्नु ।

**४.३.२ वित्तीय जोखिम व्यवस्थापन**

**रणनीति** ४.३.२.१ पालिकाका सम्बन्धित पक्ष र सरोकारवालाहरु बजेट रकमान्तर र संशोधनमा ध्यान दिने ।

**रणनीति** ४.३.२.२ पालिका र विद्यालयस्तरीय कार्यक्रमहरु समयमै सञ्चालन गर्न प्रोत्साहन गर्ने ।

**रणनीति** ४.३.२.३ बैठकको निर्णय, कार्यविधि र खर्च गर्ने मापदण्ड बमोजिम बजेट खर्च गर्ने ।

**रणनीति** ४.३.२.४ कार्यक्रमको योजना, कार्यान्वयन प्रक्रियामा हुन सक्ने मानवीय त्रुटिहरु प्रति सचेत र सजग रहने ।

**रणनीति** ४.३.२.५ प्राविधिक र खरिद प्रक्रिया सम्बन्धी विषय विज्ञको सहयोग लिएर कार्यक्रम सञ्चालन गर्ने ।

**रणनीति** ४.४.२.६ कार्यक्रम तयारी बैठक र समीक्षा बैठकहरु गर्ने ।